नेपाल सरकार
अर्थ मन्त्रालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

राजविराज, सप्तरी

७. स्थानीय तहको वितीय/ आर्थिक व्यवस्थापनको लागि प्रयोग भैरहेको स्थानीय तह सञ्चित कोष प्रणाली (SuTRA) आ.व.को मसान्तको दिन रातको १२.०० पश्चात चेक काट्न नमिल्ने गरी बन्द हुने भएकोले स्थानीय तहसंग सम्बन्धित सम्पुर्ण आर्थिक कारोबार SuTRA प्रणालीमा नै अध्यावधिक गर्नुहुन । सो कार्यमा कुनै समस्या देखीएमा तत्काल यस को.ले.नि. का.मा सम्पर्क गर्नुहुन।

८. स्थानीय तहहरूमा हस्तान्तरण हुने समानीकरण, सशर्त, समपुरक तथा बिशेष अनुदान हरूको LMBIS र कोलेनिका को TSA प्रणाली अनुसारको निकासा/भुक्तानी मिलान नभएको खण्डमा अध्यावधिकको लागि यस कार्यालयमा जानकारी गराउनुहुन ।

९. स्थानीय तह विभाज्यकोष खातामा जम्मा भएको राजस्व रकम नियमानुसार बाँडफाँड गरी प्रापक निकायमा पठाई आर्थिक बर्षको अन्त्य सम्ममा शुन्य मैज्दात बनाउनुहुन ।

१०. स्थानीय तहहरूका खर्च तथा कार्य सञ्चालनस्तरका खाताहरू बाट असार मसान्तसम्ममा काटिएका चेकहरूका विवरण सरकारी कारोवार निर्देशिका, २०७६ को अनुसुची ४२ फाराम नं. १ अनुसार स्थानीय तहहरूबाट तयार गरी श्रावण ३ गते भित्र सरकारी कारोवार गर्ने बैंकमा पठाउनुहुन र सो को बोधार्थ प्रति यस को.ले.नि.का.मा पठाउनुहुन, सो बमोजिमका चेकहरू मात्र नियमित रूपमा भुक्तानी हुने । उक्त विवरणलाइ प्रतिवेदन भिडान गर्ने तथा रकम फिर्ता भए नभएको यकिन गर्ने मुल कागजातका रूपमा अभिलेखिकरण गरिनेछ ।

२०७७।३।२२

मनोज कुमार साह
नि. प्रमुख कोष नियन्त्रक

बोधार्थ
महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं।

नेपाल सरकार
अर्थ मन्त्रालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

राजविराज, सप्तरी

प.स.:२०७६।०७७
च.नं.: ९६८

मिति २०७७।०३।२२

बिषय : सालतमामी सम्बन्धमा ।

श्री जिल्ला स्थित सरकारी कार्यालय/स्थानीय तहहरू सबै,
सप्तरी ।

प्रस्तुत बिषयमा आ.व. २०७६/०७७ को सालतमामी सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको मिति २०७७/०३/२१ को निर्णय अनुसार प्राप्त निर्देशन र प्रचलित व्यवस्था बमोजिम तपशिल बमोजिम गर्न गराउनु हुन सबैमा अनुरोध छ ।

तपसिल

१. महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेका उपशिर्षकहरू बाहेकका उपशिर्षकहरूमा खर्च नभई बाँकि रहेका निकाशा रकम चालु आ.व. भित्रै यस कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुहुन।

२. साल तमाम हुनु भन्दा सात दिन अगावै सम्बन्धित कार्यालयहरूले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा/भुक्तानी लिई आर्थिक कारोवार बन्द गर्नु/गराउनुहन, गरे नगरेको यस कार्यालयबाट निरीक्षण हुने ।तर कार्यालयबाट अति आवश्यक काम परी सो खर्च गर्नु पर्ने भएमा यस कोष तथा लेखा नियन्त्रक कार्यालयको स्वीकृतिमा पुष्टयाई सहित निकासा/भुक्तानि माग गर्नुहुन ।

३. आ.व. २०७६/०७७ मा जारी भएका श्रोतमा करकट्टी वा ६.५ प्रतिशत मु.अ.करकट्टी लगायतका सरकारी खर्चसंग सम्बन्धित सबै किसिमका राजस्वको चेक असार मसान्त भित्रै जम्मा गरी सक्ने ।

४. आ.व. २०७६/०७७ मा धरौटी तथा कार्य संचालन कोषहरूमा जम्मा हुने गरी जारी भएका चेकहरू आर्थिक वर्ष भित्र नै सम्बन्धित खातामा अनिवार्य जम्मा हुने व्यवस्था मिलाउनुहुन ।

५. म्याद समाप्त भई नसाटीएका चेकहरू रहेको भए तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुहुन ।

६. सोझै भुक्तानीको खर्च भए तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयमा विवरण पठाउनुहुन।

२०७७/३/२२

kosh.saptari15@gmail.com
फोन नम्बर ०३१५२००५७, ५२०६६१,९८५२८२१०५७